CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# मेटल वर्कर
# इन्टर्मिडिएट ट्रेड टेस्ट
# नमुना प्राक्टिकल टेस्ट पेपर

此文件關於金屬工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of intermediate trade test for Metal Worker. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

फोन नम्बर : (852) 2100 9000
फ्याक्स नम्बर : (852) 2100 9090
इमेल : enquiry@cic.hk
वेबसाइट : www.cic.hk


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# इन्टरमिडियट ट्रेड टेस्ट

पद : मेटल वर्कर

ग्रेड : सेमि स्किल्ड वर्कर

परीक्षाको विषयवस्तु : तोकिएको स्थानमा निम्न आइटमहरूलाई पूरा गर्नुहोस्:

(a) फ्रेम आकारको निर्माण गर्न उपयुक्त सामग्री, औजार तथा उपकरणहरू छनोट गर्नुहोस्, वर्क पिसको वेल्डको सतहलाई समतल (फ्ल्याट) हुनेगरी घोट्नुहोस् (कार्य ड्रइंग नं. 1);

(b) 350 x350 x0.8mm मोटाइ भएको ग्यालभानाइज्ड स्टिल शिटको पिसलाई काट्नुहोस् । बोल्टहरूले फिक्स (स्थिर) गरेर शिट तथा फ्रेमलाई ड्रिल तथा ट्याप गर्नुहोस् (कार्य ड्रइंग नं. 1 तथा 2) ।

समय अवधि : 3 घण्टा

ध्यान दिनुपर्ने कुराहरू : (1) परीक्षार्थीले परीक्षासम्बन्धी दिइएका आवश्यकताहरूलाई ध्यानपूर्वक पढ्नुपर्नेछ ।

(2) यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ;


(3) यसमा 4 वटा पृष्ठ छन् । पूर्णाङ्क (फुल मार्क) 100 हो । उत्तीर्णाङ्क (पास मार्क) 60 हो ।

# इन्टरमिडियट ट्रेड टेस्ट

**पद : मेटल वर्कर**


**ग्रेड : सेमि स्किल्ड वर्कर**

**कार्य ड्रइंग नं. 1**




स्पेसिफिकेसन तथा आवश्यकताहरू

1. इन्नर (भित्री) वेल्डहरू बाहेक सबै वेल्डहरू फुल वेल्ड हुन् जो 12mm लामो c-c को ट्याक (tack) वेल्ड हुन्।
2. सबै वेल्डहरूमा कुनै पनि डिफेक्ट (बिग्रेको भाग) हुनुहुँदैन।
3. कार्यको समाप्तिपछि, सबै प्रकारका स्लेग (slag) तथा स्पॉटर (spatter) लाई हटाउनुहोस्।
4. वर्क पिसको वेल्डको सतहलाई समतल (फ्ल्याट) हुनेगरी घोट्नुहोस्।
5. फ्रेम समकोण (राइट एन्गल) हरूमा , 350mm लम्बाइमा ±3mm हुनुपर्नेछ।
6. फ्रेम डाइमेन्सनको टोलेरेन्स ±3mm हुनुपर्नेछ।
7. फ्रेमको सतह समतल (फ्ल्याट) हुनुपर्नेछ, फ्लेक्सुरा (flexura) को टोलेरेन्स ≤3mm हुनुपर्नेछ।





सबै डाइमेन्सनहरू मिमी मा छन्
स्केल अनुसार छैन

# इन्टरमिडियट ट्रेड टेस्ट

**पद : मेटल वर्कर**

**ग्रेड : सेमि स्किल्ड वर्कर**

**कार्य ड्रइंग नं. 2**




स्पेसिफिकेसन तथा आवश्यकताहरू

1. सेन्टरदेखि सेन्टरसम्म होल (प्वाल) हरूको टोलेरेन्स ±3mm हुनुपर्नेछ।
2. पाँचवटा बोल्टहरूले फ्रेम तथा शिटहरूलाई बलियोसँग फिक्स गर्नुहोस्।
3. फ्रेम तथा शिटको किनारा (edge) ±2mm हुनुपर्नेछ।

सबै डाइमेन्सन मिमी मा छन्
स्केल अनुसार छैन

परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।
3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र तिनीहरूको पर्याप्तता तथा गुणस्तरको चेकजाँच तथा पुष्टि भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:
    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ ।**